# नेपाल ट्रष्टको कार्यालय

कमलादी, काठमाण्डौ

## सुरक्षा र सरसफाई सेवा करारमा लिने सम्बन्धी प्रस्ताव पुनः आव्हानको सूचना

**प्रस्ताव नं. 01/NCB/NTO/SERVICE/2083-84**

प्रथम पटक प्रकाशित मितिः २०८३।०५।१६

१. यस नेपाल ट्रष्टको कार्यालय, कमलादी र विभिन्न ईकाइमा आ.व.२०८३/८४ को लागि सुरक्षा र सरसफाई सेवा आवश्यक भई संस्थागत सेवा करारमा लिनुपर्ने भएकोले श्रम तथा व्यवसायजन्य सुरक्षा विभागबाट सो सेवा प्रदान गर्न ईजाजत प्राप्त योग्य तथा ईच्छुक फर्म, संस्था वा कम्पनीहरुले बोलपत्र कागजात (हार्डकपि) पेश गर्न यो प्रस्ताव आव्हानको सूचना प्रकाशित गरिएको छ ।

२. ईच्छुक फर्म, संस्था वा कम्पनीहरुले यस सम्बन्धी थप जानकारीको लागि प्रस्ताव सम्बन्धी कागजातहरु अध्ययन गर्न चाहेमा यस कार्यालयमा सम्पर्क राख्न सक्नेछन्।

३. ईच्छुक प्रस्तावदाताले बोलपत्र सम्बन्धी कागजातको दस्तुर रु.३०००।— निम्न बैंक खातामा जम्मा गरी बोलपत्र सम्बन्धी कागजात खरिद गर्न सकिनेछ।

बैंकको नामः राष्ट्रिय बाणिज्य बैंक लि,

कार्यालयको नामः नेपाल ट्रष्टको कार्यालय, कमलादी, काठमाण्डौ ।

खाता नम्बरः१०००१००२०००१००००

कार्यालय कोड नं. ३०१०३३५०१

राजस्व शिर्षक नं. १४२२९

४. बोलपत्र प्रस्तावको मान्य अवधि नब्बे दिन हुनेछ । प्रस्ताव पेश गर्दा प्रस्ताव साथ वाणिज्य बैंक वा वित्तिय संस्थाबाट जारी भएको प्रस्ताव पेश गर्ने अन्तिम मिति देखि कम्तिमा एक सय बीस दिनको मान्य अवधि भएको रु. १,१४,००० (रु एक लाख चौध हजार) को निशर्त बैंक जमानत पेश गर्नुपर्नेछ

५. इच्छुक बोलपत्र प्रस्तावदाताले मितिः २०८३।०५।३० गते दिनको ५:०० बजेभित्र दाखिला गर्नुपर्नेछ । दाखिला भएका प्रस्तावहरु मिति २०८३।०५।३१ दिनको १:०० बजे उपस्थित हुन चाहने प्रस्तावदाता वा निजको प्रतिनिधिको रोहबरमा खोलिनेछ । प्रस्तावदाताको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र प्रस्ताव खोल्न बाधा पर्ने छैन। सो दिन बिदा परे कार्यालय खुलेको दिन सोही समयमा खोलिने छ ।

६. प्रस्ताव पेश गर्दा बोलपत्र सम्बन्धी कागजातमा उल्लिखित सेवाको कार्य क्षेत्रगतशर्त र कार्यविवरण, प्रस्तावसाथ पेश गर्नुपर्ने न्यूनतम कागजातहरु तथा सेवाशुल्क भुक्तानीको तरिका अध्ययन गरी पेश गर्नुपर्नेछ ।

७. यो सूचनामा उल्लेख भएको कुराहरु यसै अनुसार र यसमा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद (संशोधन सहित) ऐन, २०६३, सार्वजनिक खरिद (संशोधन सहित) नियमावली, २०६४ र अन्य प्रचलित कानून अनुसार हुनेछ ।

८. प्रस्ताव सम्वन्धी अन्य सेवा र शर्तहरु प्रस्ताव सम्वन्धी कागजातमा उल्लेख भए बमोजिम हुनेछ । प्राप्त प्रस्ताव पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । यस सम्वन्धी अन्य जानकारीको लागि यस कार्यालयमा सम्पर्क गर्न वा प्रस्ताव सम्वन्धी सूचना कार्यालयको Website www.nepaltrust.gov.np मा समेत हेर्न सकिनेछ ।

नेपाल सरकार
नेपाल ट्रष्टको कार्यालय
२०६४